# प्रदेश सभा
# सामाजिक विकास समिति

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**बैठक संख्याः २६**

**मितिः २०८०।११।१३**

## छलफल तथा निर्णय

निर्णय १

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीबाट बाट IFB No:PHLMCSP/G/NCB-04, Procurement Supply, Delivery & Installation of integrated Hospital waste Management system को Tender Specification खरिद सम्बन्धमा परेको उजुरी माथि छानवीन गर्न नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागबाट बायोमेडिकल इन्जिनियर माग गर्ने निर्णय गरियो ।

निर्णय २

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीबाट स्वास्थ्य सामाग्री खरिद सम्बन्धमा पटक पटक विवाद भएको र IFB No:PHLMCSP/G/NCB-04, Procurement Supply, Delivery & Installation of integrated Hospital waste Management system को Tender Specification खरिद प्रक्रिया माथि यस समितिमा छानवीन भैरहेकोले छानवीन प्रक्रिया सम्पन्न नभएसम्मका लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका प्रमुख श्री निरज अर्याललाई जिम्मेवारीबाट मुक्त गरी सो को जानकारी यस समितिलाई दिन सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

**फरक मत**

प्रदेश स्वास्थ्य आपूर्त व्यवस्थापन केन्द्र धनगढीबाट IFB No:PHLMCSP/G/NCB-04/2080-081, Procurement Supply, Delivery & Installation of integrated Hospital waste Management system को टेण्डर खरिदका सम्बन्धमा समितिको मिति २०८०।०९।०४ को बैठकले उक्त विषयका सम्बन्धमा सम्बन्धित विषय विज्ञ नभएकोले सामाजिक विकास मन्त्रालयलाई छानविन गरि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय भएको र मन्त्रालयले गठन गरेको छानविन समितिको प्रतिबेदन समितिमा प्राप्त भएको र उक्त प्रतिबेदनले खरिद प्रक्रिया प्राविधिक र कानून सम्मत तरिकाले भएको निष्कर्ष सहित प्राप्त भएको । सो प्रतिबेदनका सम्बन्धमा सम्बन्धित मन्त्रालयका मन्त्री र सचिवलाई आमन्त्रण गरेको बैठकमा सो प्रतिबेदन कानून सम्मत रहेको कुरा कुरा समिति बैठकमा मन्त्रालयका माननीय मन्त्री र सचिवले समेत प्रस्तुत गर्नु भएको थियो । त्यस कारण समितिको प्रतिबेदनका सम्बन्धमा थप कुनै छलफल तथा निर्णय नभएको र हाल आएर उक्त खरिद

# प्रदेश सभा

# सामाजिक विकास समिति

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**बैठक संख्याः** २६

**मितिः** २०८०।११।१३

प्रक्रिया विवादीत देखिएको भनी प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका प्रमुखलाई मात्रै दोषी देखाइ पदमुक्त गर्ने निर्णय तर्कसंगत हुन सक्दैन । प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको खरिद प्रक्रियालाई सहि रहेको प्रतिबेदन दिने सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री र सचिवलाई कारवाहीको दायरामा नल्याइ कार्यालय प्रमुखलाई मात्रै पदमुक्त गर्ने समितिको बहुमतको निर्णयप्रति हाम्रो असहमति रहेको छ ।

माननीय धर्म राज पाठक- सदस्य

माननीय हिरा सार्की - सदस्य

माननीय निर्मला देवी साउँद - सदस्य